# मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन


सुशिला अधिकारी

परीक्षा क्रमाङ्क : ७२२८११७/०७४

त्रि.वि. क्रमाङ्क : ९-२-७०१-५७-२००९


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा, स्नातकोत्तर तह, चौथो सत्रअन्तर्गतको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौं


२०७६/२०१९


मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन


१९/०७६


सुशिला अधिकारी

# प्रतिबद्धता पत्र

'मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पार्दा प्रयोग उपयोगमा ल्याएका शोध प्रतिवेदनभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छ । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.......................

शोधार्थी

सुशिला अधिकारी

मिति : २०७६/०७/०१

## शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रकी छात्रा सुशिला अधिकारीले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५४४ को आवश्यकता पूर्तिका निम्ति 'मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहेर तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यो शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................................

उपप्रा. शिव प्रसाद तिमल्सेना
शोधनिर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०७६/०७/१५
Nov. 1, 2019

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्रा सुशिला अधिकारीद्वारा 'मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ......................... |
| २. | प्रा.डा. ऋषिराम शर्मा (शोधविशेषज्ञ) | ......................... |
| ३. | उपप्रा. शिव प्रसाद तिमल्सेना (शोधनिर्देशक) | ......................... |

मिति : २०७६/०७/२८
Nov. 14, 2019

## कृतज्ञताज्ञापन

प्रस्तुत 'मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधकार्य त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह एम.एड. चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गरिएको हो ।

प्रस्तुत शीर्षकको शोधप्रस्ताव स्वीकृत गरी अध्ययनका लागि अवसर प्रदान गर्ने नेपाली भाषा शिक्षा विभाग र यस शोधकार्यको शीर्षक छनोटदेखि लिएर सामग्री सङ्कलन, लेखन र परिमार्जनका साथ पूर्णता प्राप्त गरुञ्जेल अनेकौं व्यस्तताका बाबजुद पनि शब्द शब्दमा सहज र सचेत गराउँदै समुचित मार्गनिर्देशन गर्नुहुने मेरा शोधनिर्देशक आदरणीय गुरु उपप्रा. शिव प्रसाद तिमल्सेनाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधकार्यमा आवश्यक सल्लाह र सहयोग गर्नुहुने श्रद्धेय गुरु विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईका साथै नेपाली शिक्षा विभागका सम्पूर्ण गुरुहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो जीवनको हरेक क्षेत्रमा सफलताको कामना गर्दै उच्च शिक्षाको विशिष्टस्तरसम्म पुऱ्याउनुहुने मेरा पूजनीय बुबा चूडामणि अधिकारी र आमा नुमा अधिकारी, श्रीमान् विजय डिमडुङ्ग र शोधकार्यमा सहयोग गर्नुहुने मेरा साथीहरू विष्णु पोखेल, प्रतिभा सुवेदी, पुष्कर पन्त र अन्य साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधपत्रको टङ्कन गरी सहयोग गर्नुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका दाजु जितेन महर्जनलाई हार्दिक धन्यवाद व्यक्त गर्दै उचित मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभागसमक्ष पेश गर्दछु ।

सुशिला अधिकारी
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

# शोधसार


प्रस्तुत 'मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग चौथो सेमेस्टर नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ । मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक सिथति पत्ता लगाउनु र लैङ्गिकताका आधारमा छात्र र छात्राको तुलनात्मक स्थिति पहिल्याउनु यस शोधकार्यका उद्देश्य रहेका छन् ।

मकवानपुर जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालयमध्ये नमुना छनोटका रूपमा दशवटा विद्यालयलाई मात्र दिइएको छ । जसमा ५ वटा सामुदायिक र ५ वटा निजी विद्यालयका १०० जना छात्रा र छात्रलाई नमुनाको रूपमा लिइएको छ । छात्रा ५० र छात्र ५० गरी नमुना छनोट गरिएको छ । प्रस्तुत अध्ययन मकवानपुर जिल्लाका ५ सरकारी र ५ निजी विद्यालयबाट १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूसँग प्रत्यक्ष रूपमा सम्पर्क गरी निर्देशित शीर्षकमा स्वतन्त्र निबन्ध लेख्न लगाई उत्तरपुस्तिका सङ्कलन गरी प्राथमिक स्रोतका रूपमा लिइएको छ । शोधपत्र तयार पार्न विभिन्न पाठ्यसामग्री, पत्रपत्रिका, पाठ्यपुस्तक, सन्दर्भपुस्तक र अगाडि भएका शोधपत्रको अध्ययन गरिएको छ । शोधनिर्देशक, विषय शिक्षक र अन्य साथीहरूको सहयोग लिइएको छ ।

निबन्धलेखन क्षमतालाई गणितीय प्रतिशतका आधारमा हेर्दा ४३ प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा माथि र ५७ प्रतिशत विद्यार्थीहरूको मध्यमानभन्दा तल रहेकाले निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । विद्यालय प्रकृतिका आधारमा हेर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता खासै राम्रो रहेको पाइँदैन । संस्थागत विद्यालयमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गणना गर्दा ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू २१ जना अर्थात् ४२ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको पाइन्छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनको गणना गर्दा ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थीहरू ८ जना अर्थात् १६ प्रतिशत रहेकाले सामुदायिक विद्यालयमा

विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको पाइएन । लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको गणना गर्दा ७५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू १७ जना अर्थात् ३४ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता अति उच्च रहेको देखिन्छ । त्यसैगरी छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनको गणना गर्दा ७५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू १२ जना अर्थात् २४ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको पाइँदैन । मध्यमानका आधारमा छात्रा समूहको विद्यार्थीहरूको मध्यमान ७१.८९ र मानक विचलन २१.९७ छ भने छात्रको मध्यमान ५४.७९ र मानक विचलन २२.४८ रहेको र छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता राम्रो रहेको छ ।

# सङ्क्षिप्त शब्दसूची

प्रा.डा. : प्राध्यापक डाक्टर

उपप्रा. : उपप्राध्यापक

त्रि.वि. : त्रिभुवन विश्वविद्यालय

सं. : सङ्ख्या

प्र. : प्रतिशत

नं. : नम्बर

नेपा.शि. : नेपाली शिक्षा

# विषयसूची

पृष्ठ

अध्याय एक

शोधपरिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ उद्देश्य ३

१.४ अध्ययनको सान्दर्भिकता र उपादेयता ३

१.५ अध्ययनको सीमाङ्कन / सीमा ३

१.६ अध्ययनको रूपरेखा ४

अध्याय दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा ५

२.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन ५

२.१.२ सम्बद्ध शोधपत्रको पुनरावलोकन ७

२.२ सैद्धान्तिक अवधारणा १२

२.२.१ परिचय १२

२.२.२ अभिव्यक्ति कलाको परिचय १३

२.२.३ लेखनका प्रकार १३

२.२.४ लेखाइ सीपका कार्यकलाप १४

२.२.५ निबन्धलेखनको परिचय १५

२.२.६ निबन्धका प्रकार १६

२.२.७ निबन्धको ढाँचा वा स्वरूप १६

२.२.८ निबन्धलेखनमा ध्यान दिनुपर्ने पक्षहरू १७

२.२.९ निबन्ध शिक्षणको आवश्यकता र प्रयोजन १८

अध्याय तीन

अध्ययन विधि र प्रक्रिया

३.१ अध्ययन विधि २०

३.१.१ अध्ययन विधि २०

३.१.२ जनसङ्ख्या २०

३.१.३ प्रतिनिधि नमुना छनोट २०

३.१.४ सामग्री निर्माण २१

३.१.५ सामग्रीको पूर्वपरीक्षण २१

३.१.६ तथ्याङ्कको व्याख्या र विश्लेषण २२

## अध्याय चार

## समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति २४

४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति २५

## अध्याय पाँच

## मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा निबन्धलेखन क्षमता

५.१ लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता २७

५.२ छात्रको निर्देशित निबन्धलेखन क्षमताको स्थिति २८

५.२.१ प्रतिशतका आधारमा छात्रको निर्देशित निबन्धलेखन क्षमताको स्थिति २८

५.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति ३०

५.३ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ३२

५.३.१ प्रतिशतका आधारमा मकवानपुर जिल्लाका छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ३२

५.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ३३

## अध्याय छ

## मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमता

६.१ विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता ३५

६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ३७

६.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ३७

६.२.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ३८

६.३ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४०

६.३.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४०

६.३.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबनधलेखन क्षमता ४१

## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ४३
७.२ निष्कर्ष ४४
७.३ उपयोगिता ४५
७.३.१ नीतिगत उपयोगिता ४६
७.३.२ प्रयोगगत तह ४६
**सन्दर्भ सामग्रीसूची** ४७
**परिशिष्ट**
**व्यक्तिवृत्त**

# तालिका सूची

पृष्ठ

| | | |
|---|---|---|
| १. | प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | २४ |
| २. | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता | २६ |
| ३. | लैङ्गिक आधारमा विद्यार्थीको निबन्धलेखन क्षमताको तुलना | २७ |
| ४. | प्रतिशतका आधारमा छात्रको निर्देशित निबन्धलेखन क्षमताको स्थिति | २९ |
| ५. | मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको निबन्धलेखन क्षमताको स्थिति | ३० |
| ६. | प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता | ३२ |
| ७. | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको निर्देशित कथालेखन क्षमताको स्थिति | ३३ |
| ८. | विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको स्थिति | ३५ |
| ९. | प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता | ३७ |
| १०. | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | ३८ |
| ११. | प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निर्देशित निबन्धलेखन क्षमता | ४० |
| १२. | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | ४१ |

# स्तम्भचित्र सूची

| | | पृष्ठ |
|---|---|---|
| १. | प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | २५ |
| २. | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता | २६ |
| ३. | लैङ्गिक आधारमा विद्यार्थीको निबन्धलेखन क्षमताको तुलना | २८ |
| ४. | प्रतिशतका आधारमा छात्रको निर्देशित निबन्धलेखन क्षमताको स्थिति | ३० |
| ५. | मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | ३१ |
| ६. | प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता | ३३ |
| ७. | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | ३४ |
| ८. | विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको स्थिति | ३६ |
| ९. | प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता | ३८ |
| १०. | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | ३९ |
| ११. | प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निर्देशित निबन्धलेखन क्षमता | ४१ |
| १२. | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति | ४२ |